बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय, हेटौंडा

## स्थानीय तहको साझेदारीमा माध्यमिक विद्यालयमा सूचना प्रविधि शिक्षक सहयोग अनुदान कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना २०८२

**प्रथम पटक प्रकाशित मितिः२०८२।११।१७**

यस निर्देशनालयको चालु आ. व. ०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम **स्थानीय तहको साझेदारीमा माध्यमिक विद्यालयमा सूचना प्रविधि शिक्षक सहयोग अनुदान** उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा **स्थानीय तहको साझेदारीमा माध्यमिक विद्यालयमा सूचना प्रविधि शिक्षक सहयोग अनुदान सम्बन्धी कार्यविधि,२०८२ को दफा ४** बमोजिमका शर्तहरू पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयहरूले मुल्यांकनका लागि आवश्यक कागजातका साथ कार्यविधिको अनुसुची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस निर्देशनालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै सूचना सम्बन्धी विस्तृत विवरण र **सो सम्बन्धी कार्यविधि, २०८२ वेबसाइट edd.bagamati.gov.np मा उपलब्ध छ।**

**प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरू:**

१. माध्यमिक तह (कक्षा ६, ९ , ११) को कक्षागत सञ्चालनको अनुमति पत्र

२. स्थानीय तहबाट तहगत रूपमा दरबन्दी प्रमाणित गरेको पत्र

३. स्थानीय तहबाट शिक्षक अभिभावक सङ्घ र वि. व्य. स. गठन भएको र पदाधिकारीहरुको नामनामेसी प्रमाणित पत्र

४. विद्यालयको वर्तमान शिक्षकको दरबन्दी अवस्था खुलाएको विद्यालय व्यवस्थापन समितिको निर्णय

५. विद्यालयको आवश्यकताअनुसार माध्यमिक तहमा मुख्य विषयहरुमा दोहोरो नहुने गरी कुनै एक विषयको शिक्षक प्रचलित कानुन बमोजिम नियुक्ति गर्ने वि.व्य.स.को प्रतिबद्वता

६.परम्परागत वा धार्मिक विद्यालयको हकमा सामुदायिक प्रकृतिको रुपमा सञ्चालन भएको हो भन्ने व्यहोराको किटानी पत्र

७. कक्षा ६-१२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुको कक्षागत विवरण ( IEMIS Report )

८. विद्यालयमा सूचना प्रविधि ल्यावको विवरण

**९. स्थानीय तहबाट सूचना प्रविधि शिक्षक अनुदानका लागि साझेदारी प्रतिवद्धता पत्र।**

**का मु महानिर्देशक**